फोनः ०५६-४१०१२२/४१०१११
इमेलः ichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०७९/८०
च.नं. १३१५

मितिः २०७९/१०/१५

श्री वडा कार्यालय सबै
इच्छाकामना गाउँपालिका
करिनटार, चितवन ।

विषयः निःशुल्क तालिम दिने सम्बन्धमा।

प्रस्तुत विषयमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् (CTEVT) अन्तर्गतको आंगिक शिक्षालय नारायणी बहुप्राविधिक शिक्षालय भरतपुर, चितवनको मिति २०७९/१०/०४ मा प्रथम पटक प्रकाशित सुचना अनुसार आ.व ०७९/०८० मा वैदेशिक रोजगारमा जान चाहाने वा वैदेशिक रोजगारबाट फर्किएका वा स्वदेशमै स्वरोजगार गरी बस्न चाहने युवाहरुलाई स्थानिय तहसँग समन्वय गरी २०/२० जनाको समूहमा १६० घण्टे (३० दिने) अवधीको उद्यमशिल तथा रोजगार उन्मुख सीपमुलक तालीमहरु **"वैदेशिक रोजगार बोर्डको सचिवालयसँगको सहकार्यमा निःशुल्क सीप तालीम"** मिति २०७९ माघ २२ देखी संचालन गर्ने गरी आवेदन माग भै आएको हुँदा सम्बन्धित वडामा तपसिल बमोजिम इच्छुक व्यक्तिहरुले दरखास्त दिई मिति २०७९ माघ १८ गते भित्र संकलन गरी यस गाउँपालिकाको कार्यालयमा वडाको सिफारिस सहित पठाईदिनु हुन अनुरोध छ ।

तपसिल (दुई वटा विषयका मात्र तालीम संचालन हुने)
१. विल्डिङ्ग इलेक्ट्रिसियन -२० जना (प्रत्येक वडाबाट ४ जना)
२. प्लम्बर-२० जना (प्रत्येक वडाबाट ४ जना)

तालिमको लागि आवश्यक न्युनतम योग्यता

१) १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको नेपाली नागरिक(पासपोर्ट साईजको फोटो १ र ना.प्र.नं.प्रतिलिपि १)
२) संम्बन्धित व्यवसायको पाठ्यक्रमले तोकेको योग्यता पुगेको कक्षा ८ उत्तिर्ण
३) सम्बन्धित व्यवसायले तय गरेको कार्यहरु गर्ने सक्ने
४) यस अघि तालीम लिई तत् व्यवसायमा राष्ट्रिय सीप योग्यताको सर्टिफिकेट नभएको
५) प्रशिक्षार्थी तालीम अवधि भर कम्तीमा ९० प्रतिशत हाजिर हुन सक्ने ।
६) यस अघि वैदेशिक रोजगार बोर्डको कुनै पनि तालीममा सहभागी नभएको ।

*(विस्तृत जानकारीको लागि सम्पर्क नं 9855053633 मा कार्यालय समयमा सम्पर्क गुर्नु हुन)।*

२०७९।१०।१५

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

o/c